महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रिब्दिकोट गाउँपालिका

पाल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रिब्दिकोट गाउँपालिका

पाल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**अनामनगर, काठमाडौं, नेपाल**

Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०

च.नं.१२२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

रिब्दिकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

पाल्पा ।

**कैफियत सहितको राय**

हामीले रिब्दिकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२करोड २४लाख ८६हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रियाबाट रु. १५ हजार फस्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.६७ लाख ५५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१करोड ३ लाख २७हजार, नियमित गर्नुपर्ने रु ५३लाख ८९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१०करोड ३६लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१२ करोड ६१लाख १३ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

रिब्दिकोट गाउँपालिका, पाल्पा

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४५ | ४१ | २२४८६ | ० | १ | १५ | ४५ | ४० | २२४७१ | ६७५५ | १०३२७ | ५३८९ | ० | ० | १५७१६ | |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | जम्मा बेरुजु रकम रु | रकम रु. |
|---|---|---|---|---|
| १ | ४३।२ | बिलभरपाई बिना भुक्तानी | १५००९ | १५००९ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रिब्दिकोट गाउँपालिका, पाल्पा | १०३६४२ | ० | ० | १०३६४२ | ० | २२४७१ | १२६११३ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : रिब्दिकोट गाउँपालिका, पाल्पा , रिब्दीकोट गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Pawan Aryal | २०७८-५-२८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Prem Chandra Aryal | २०७८-४-१ | २०७८-९-११ |
| कार्यालय प्रमुख | मणि प्रसाद खनाल | २०७८-९-१२ | २०७८-९-२८ |
| लेखा प्रमुख | मन्जु पन्थी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २२,४७०,५७७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,४१,६५,७९२.९४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,१८,७१,००० | **चालु खर्च** | ३३,६२,०६,२२६.११ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,२५,०२,००० | **पूँजीगत खर्च** | १५,५१,९९,१३२ |
| **राजश्व बाँडफाँट** | ७,३४,०७,४७२.८९ | **वित्तीय/अन्य व्यवस्था** | ४,४०,५६,२१७.४४ |
| **आन्तरिक आय** | ७०,९०,७४९.७८ | | |
| **अन्य आय** | ४,७३,२३,४९१.४५ | | |
| **कुल आय** | ५३,२१,९४,७१४.१२ | **कुल खर्च** | ५३,५४,६१,५७५.५५ |
| **बाँकी मौज्दात** | | ८,०८,९८,९३१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षणः महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी यस गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखा तथा स्रेस्ताको सत्यताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः-</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>वित्तिय विवरणः क)स्थानीय सचितः पालिकाको अर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।<br><br>
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्षको रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ती/भुक्तानी</th><th>बस्तुगत /सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>519975412.5</td><td>532194714.1</td><td>0</td><td>553135222.7</td></tr>
<tr><td>क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>519975412.5</td><td>519003222.7</td><td>0</td><td>519003222.7</td></tr>
<tr><td>1100 कर</td><td>11</td><td>75505412.53</td><td>76867220.67</td><td>0</td><td>76867220.67</td></tr>
<tr><td>1300 अनुदान</td><td></td><td>404773000</td><td>404373000</td><td>0</td><td>404373000</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय सरकार | 12 | 362271000 | 361871000 | 0 | 361871000 |
| प्रदेश सरकार | 12 | 42502000 | 42502000 | 0 | 42502000 |
| १४०० अन्य राजस्व | 11 | 39697000 | 3631002 | 0 | 3631002 |
| कोषको बचत रकम सञ्चितकोष ट्रान्सफर | | | 34132000 | 0 | 34132000 |
| ख. अन्य प्राप्ती | | 0 | 13191491.45 | 0 | 13191491.45 |
| कोषहरु | | | 11623149.45 | 0 | 11623149.45 |
| १ मर्मत सम्भार कोष | | | 4727797 | 0 | 4727797 |
| २ प्रकोप व्यवस्थापन कोष | | | 0 | 0 | 0 |
| ३ विविध कोष | | | 6895352.45 | 0 | 6895352.45 |
| धरौटी | | | 1568342 | 0 | 1568342 |
| भुक्तानी (ग+घ) | | 557645869.3 | 535461575.6 | 0 | 535461575.6 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग. भुक्तानी (संचित कोषबाट) | | 557645869.3 | 491405358.1 | 0 | 491405358.1 |
| 21000 पारिश्रमिक/सुविधा | 18 | 212824997 | 201485357.9 | 0 | 201485357.9 |
| 22000 मालसामान तथा सेवाको उपयोग | 18 | 103707870.3 | 72759281.2 | 0 | 72759281.2 |
| 25000 सहायता | 18 | 3229000 | 2328355 | 0 | 2328355 |
| 2६000 अनुदान | 18 | 0 | 0 | 0 | 0 |
| 27000 सामाजिक सुरक्षा | 18 | 6987001 | 3259198 | 0 | 3259198 |
| 28000 अन्य खर्च | 18 | 1000000 | 980800 | 0 | 980800 |
| 31000 गैर वित्तिय सम्पती/पूँजिगत खर्च | 18 | 229897001 | 155199132 | 0 | 155199132 |
| निकासा फिर्ता सघीय सरकार | | 0 | 46364936 | 0 | 46364936 |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| निकासा फिर्ता प्रदेश सरकार | | 0 | 9028298 | 0 | 9028298 |
| घ. अन्य भुक्तानी (१+२) | | | 44056217.44 | 0 | 44056217.44 |
| १ कोषहरु | | | 40556492 | 0 | 40556492 |
| मर्मत सम्भार कोष | | | 1171986 | 0 | 1171986 |
| प्रकोप व्यवस्थापन कोष | | | 2461479 | 0 | 2461479 |
| विविध कोष | | | 36923027 | 0 | 36923027 |
| २ धरौटी | | | 3499725.44 | 0 | 3499725.44 |
| कट्टी रकम दाखिला गर्न बाँकी | | 0 | 0 | 0 | 0 |
| ङ. यो वर्षको बचत (न्युन) | | -37670456.72 | -3266861.43 | 0 | -3266861.43 |
| च. गत वर्षको जिम्मेवारी रकम | | 0 | 84165792.94 | 0 | 84165792.94 |
| १ सञ्चित कोष | | | 37670456.72 | | 37670456.72 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २ अन्य कोषहरु | | | 40963796.89 | | 40963796.89 |
| ३ धरौटी | | | 5531539.33 | | 5531539.33 |
| वर्षान्तको बाकी रकम (ङ+च) | | -37670456.72 | 80898931.51 | 0 | 80898931.51 |
| १ सञ्चित कोष | | | 65268321.28 | | 65268321.28 |
| २ अन्य कोषहरु | | | 12030454.34 | | 12030454.34 |
| ३ धरौटी | | | 3600155.89 | | 3600155.89 |
| बैक तथा नगद बाँकी | 24 | | 80898931.51 | 0 | 80898931.51 |

ख) कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट सिग्यास मार्फत कारोबार भएका तर पालिकाको संचितकोषमा समावेश नहुने कारोबारहरुको विवरण निम्न अनुसार रहेको छ :

| शीर्षक | वार्षिक बजेट | निकासा | खर्च | ख |
|---|---|---|---|---|
| कृषि तथा पशुपंक्षी कार्यक्रम | १०००००० | १०००००० | १०००००० | |
| सामाजिक सूरक्षा कार्यक्रम | १०११९८०८८ | १०११८८६१७ | १०११८८६१७ | |
| गरिवसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | ४६४००० | ४६४००० | |
| **जम्मा रु.** | १०२६६२०८८ | **१०२६५२६१७** | **१०२६५२६१७** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रिब्दिकोट गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय जनसंख्या सेवा प्रदान गर्नु यसपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, १२४।५५ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या १८ हजार ७७० रहेको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा तपिशल वमोजिमको रकम असुली भएको छ ।<br><table>
<tr><th>क्रम संख्या</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>चौथो त्रैमासिक सम्ममा वितरण गरी बाकी रहेको सा सु भत्ता</td><td>५७८१२।७</td></tr>
<tr><td>२</td><td>कर्मचारी तथा पदाधिकारीको दैनिक भ्रमण भत्ता र बैठक भत्ता दोहोरो परेको रकम असुल गरिएको</td><td>२४०००</td></tr>
<tr><td>३</td><td>आन्तरिक आम्दानि असुली</td><td>६९२</td></tr>
<tr><td>४</td><td>पाणीनि निर्माण सेवा र सिलांगे रानिठाटी उ स बढी भूक्तानि असुल</td><td>८०८००</td></tr>
<tr><td>५</td><td>संघीय शसर्ततर्फ बढि भुक्तानी भएको रु</td><td>१५८५१७</td></tr>
<tr><td>६</td><td>पुनराअवलोकन समिति र आवासायी तालिमको भत्ता असुल</td><td>२७१००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>३४८९२१</td></tr></table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बित्तिय विवरणः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्<br>• पालिकाले गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी सञ्चितकोषको खाता राखेको छैन। पालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरणमा सञ्चितकोषको आम्दानी रु. ५१,९०,०३,२२२।६७ उल्लेख गरेको छ ।पालिकाको लेखाप्रणाली व्यवस्थापन गर्ने SUTRA प्रणालीको म.ले.प.फा.न+ २७२ मा सञ्चितकोको आम्दानी रु. ४२,९४,७७९८८।६७ देखिन्छ भने सोही प्रणालीको सञ्चित कोषको अवस्था देखिने अनुसूची १० मा सञ्चितकोषमा यो वर्ष रु. ५०,१२,८०,४४५।३९ प्राप्त भएको उल्लेख छ। विभिन्न प्रतिवेदनमा सञ्चित कोषको हिसाव फरक फरक देखिएकोमा पालिकाले खाता अद्यावधिक गरी हिसाव समायोजन गरेको छैन । सञ्चित कोषको हिसाव यकिन हुने गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ ।<br>• गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोषको मौज्दात रु. ३७६७०४५६।७२ र अन्य कोष तथा धरौटीको मौज्दात रु. ४,६४,९५,३३६।२२ समेत रु. ८,४१,६५,७९२।९४ मौज्दात रहेकोमा पालिकाको म.ले.प.फा.२७२मा रु.५५३१५३९।३३ मात्र जिम्मेवारी अ.ल्या. देखिएको छ ।पालिकाले म्यानुअल रुपमा एकीकृत आ.वि. तयार गरी लेखापपरीक्षणको लागि पेश गरेको कारण समग्रमा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा हिसाब समायोजन गरी मिलान गरेको छ । लेखापरीक्षणमा पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार सुत्रमासमेत समायोजन गरी हिसाव अद्यावधिक गर्नु पर्दछ ।<br>• म.ले.प.फा.२७२ को अनुसूची २१ मा फिर्ता गर्न बाँकी रकम शून्य देखिएको छ । आर्थिक वर्ष भित्रै खर्च लेखैको कारण स्रेस्तामा फिर्ता गर्न बाँकी रकम शून्य देखिए तापनि संघीय सरकारको रु. ४,६३,६४,९३६ र प्रदेश सरकारको रु. ९०,२८,२९८ फिर्ता गर्न बाँकी अनुदानको चेक आर्थिक वर्ष भन्दा पछी सम्वन्धित सरकारको सञ्चितकोषमा दाखिला भएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • म.ले.प.फा.२७२ को अनूसूची २४ अनुसार विभिन्न कोषसमेत पालिकाको यस वर्षको मौज्दात बाँकी रु.५,४८,०१,७०६।५७ रहेको देखिन्छ । पालिकाले पेश गरेको बैंक स्टेटमेन्ट अनुसार रु.८०८९८९३१।५१ देखिन्छ। जसअनुसार म.ले.प.फा.२७२ र बैंक स्टेटमेन्ट रु.२६०९७२२४।९४ ले फरक देखिएको छ । पालिकाले म्यानुअली तयार गरेको एकीकृत आर्थिक विवरणमा रु.८०८९८९३१।५१ मौज्दात देखिएको छ । सुत्र व्यवस्थापकसँग समन्वय गरी एकीकृत आर्थिक विवरण र सुत्र प्रणाली बोच हिसाव समायोजन गरी मिलान गर्नु पर्दछ ।<br>• गत वर्षको लेखापरीक्षण प्रतिवेदन तथा पालिकाले लेखापरीक्षणको लागि पेश गरेको आर्थिक विवरणअनुसार कोष तथा धरौटीमा रु. ४,६४,९५,३३६।२२ मौज्दात रहेको देखिन्छ । पालिकाको म.ले.प.फा.नं. २७२ को अनुसूची १५ मा विभिन्न कोष र धरौटीसमेतको मौज्दात १,३३,९१,९६२।५० जिम्मेवारी सारेको देखिन्छ । पालिकाले म्यानुअली तयार गरेको एकीकृत आर्थिक विवरणमा यो वर्षको आम्दानी १,३१,९१,४९१।४५ र खर्च रु. ४४०५६२१७।४४ खर्च भई रु. १५६३०६१०।२३ बाँकी रहेको देखिन्छ । पालिकाको म.ले.प.फा.नं. २७२ को अनुसूची १५ मा विभिन्न कोष र धरौटीसमेतको मौज्दात रु.५०,३६,०८७।०६ मात्र देखिएको छ।यसरी पालिकाको म.ले.प.फा.नं. २७२ ले कोषको यथार्थ विवरण प्रस्तुत गर्न सकेको देखिएन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वारा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले पूजीगत खर्चखाता विजोर वर्षको श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको देखिए पनि स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात धनात्मक नै रहेको पाईयो।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **आन्तरिक आम्दानी तर्फः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.१ | | | **राजश्वको अभिलेख :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ राजस्वको अभिलेख व्यवस्थापनको सफ्टवयरमा दैनिक राजश्व आम्दानी खाता म.ले.प.फा.नं. १०२, राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५, व्यवस्थित गरे तापनि राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता म.ले.प.फा. नं. १०६, राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७ राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| ६.२ | | | **आन्तरिक राजस्व अनुमान तथा असुलीः** यो वर्ष गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट जम्मा रु. ४,१८,०५,००० आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु.६२,९०,७५० आम्दानी गरेकोले लक्ष्यको तुलनामा रु.३,५५,१४,२५०।०० (८४.९५ प्रतिशत) घटी आम्दानी गरेको देखियो । गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली विच ठुलो अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत म.ले.प.फा. नं. ११२ र करदाताको गोस्वारा लगत फारम म.ले.प.फा. नं. ११३, तयार गरी करयोग्य आय भएका सबैलाई करको दायारामा ल्याउनु पर्दछ । अस्वभाविक रुपमा राजस्व अनुमान गरी वजेटको दायरा वढाउने र घटी राजस्व असुली हुने आवस्थाले अनावस्यक र हचुवा कार्यक्रम वजेटमा समावेश हुने र ती कार्यक्रममा खर्च गर्न छुट्याएको बजेट आर्थिक वर्षमा रकमान्तर गरी अन्य कार्यक्रममा खर्च गर्ने जोखिम बढ्नुको साथै यस्तो अभ्यासले वजेटको मर्मलाई आत्मसाथ गर्न नसक्ने हुँदा राजस्व अनुमान र वजेट यथार्थपरक वनाउन पालिकाले ध्यान दिनु पर्दछ । | |
| ६.३ | | | **भूमीकर /मालपोत आम्दानी :** पालिकाले यो वर्ष मालपोत रकम असुल गरेको देखिएन । गाउँपालिकाले आर्थिक ऐनमा मूमिकर सम्वन्धमा गाउँपालिका क्षेत्रभित्र जग्गा रजिष्ट्रेशन वापतको दस्तुर प्रदेश कानून बमोजिम बाँडफाँट हुनेगरी प्राप्त हुने उल्लेख गरेको देखियो ।आर्थिक ऐनद्वारा मालपोतको दर निर्धारण गरी भूमीकर असुल गर्नु पर्नेमा गरेको देखिएन । पालिकाको राजस्वको महत्वपूर्ण क्षेत्रनै करको दायरामा नसमेटिएकोले पालिकाले मालपोत असुलीमा ध्यान दिनु पर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | | **व्यवसाय कर :** पालिकाको आर्थिक ऐन २०७८ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ ।यो वर्ष पालिकाले व्यवसाय दर्ता गरी शुल्क सँकलन गरे पनि व्यवसाय कर असुल गरेको छैन । पालिका क्षेत्र भित्र साना होटल, रेष्टुरेण्ट, कपडा पसल, जुत्ता चप्पल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यवासाय कर उठाउनु पर्दछ । | |
| ६.५ | | | **जग्गा रजिष्ट्रेशन शुल्क** : घर जग्गा कारोवारबाट प्राप्त हुने रजिष्ट्रेशन शुल्कबाट प्राप्त रकममध्ये मालपोत कार्यालयबाट बाँडफाँड भई यस पालिकालाई गत वर्ष रु. १९५८०३१।५० प्राप्त भएकोमा यो वर्ष पालिकाले रजिष्ट्रेशन शुल्क वापतको रकम प्राप्त गरेको देखिएन । | |
| ६.६ | | | **सामुदायिक वनबाट आय :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ६९ सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ ऐन, ७ नियमावली, ३९ कार्यविधि निर्देशिका समेत ४९ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २ करोड ७८ लाख १० हजार खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदनलाइ कारयान्वयन गर्नुपर्नेमा हालसम्म जिन्सी निरीक्षण गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयले खर्चको अभिलेख सिलसिलेवार राखुपर्नेमा खर्चको स्रेस्ता समेत सिलसिलेवार नराखेको तथा भौचरमा कार्यालय प्रमुख र सम्वन्धित शाखा प्रमुखको हस्ताक्षर समेत नभएको पाइयो । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ८.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री ले २०७७।३।९ गते रु. करोड लाख हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८.२ | | | **अबण्डा बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ५० लाख बजेट जनतासंग पालिका शिर्षक राखी अबण्डा राखेको छ । उक्त जनतासंग पालिका शिर्षकवाट कार्यपालिकाको निर्णयबाट चालु र पुजीगततर्फ विभिन्न शीर्षकमा रु. २१३०५४३ बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट फरक शिर्षकमा अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८.३ | | | **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । प्रथम चौमासिकमा ५ प्रतिशत दोस्रो चौमासिकमा २९ प्रतिशत र तेस्रो चौमासिकमा ६६ प्रतिशत पूँजिगत बजेट खर्च गरेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
अषाढ महिनामा मात्र ४२ प्रतिशत पूँजिगत खर्च गरेको देखिएकोले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>पालिका पूँजिगत</td><td>१५५११९</td><td>८३६९</td><td>४४९१७</td><td>१०१९१२</td><td>६५०५१</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>५</td><td>२९</td><td>६६</td><td>४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>५८४११</td><td>४३५९७</td><td>७४।६५</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२७००७२</td><td>२१९२२८</td><td>८१।१७</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१२६७४६</td><td>८६९४७</td><td>६८।५९</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>१५३६</td><td>१४८६</td><td>९६।७६</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१००८७९</td><td>८४७५१</td><td>८४।०१</td></tr>
<tr><td>जम्मा</td><td>५५७६४५</td><td>४३६०१२</td><td>७८।१८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले उल्लेखित क्षेत्रमा बजेट विनियोजन गरी खर्च गरेको अवस्थालाइ विश्लेषण गर्दा पालिकाको विकास निर्माण हुने प्रमुख क्षेत्र पूर्वाधार क्षेत्रमा १२ करोड ६७ लाख ४६ हजार बजेट विनियोजन गरेकोमा ८ करोड ६९ लाख ४७ हजार खर्च भइ खर्च प्रतिशत अन्य क्षेत्रभन्दा न्यून ६८ प्रतिशत रहेको छ । पालिकाले पूजि निर्माण हुने तथा विकासको अनुभूति हुने क्षेत्रमा विनियोजन गरेको बजेटको खर्च प्रतिशतलाइ बढाउने तर्फ ध्यान दिनुपर्दछ ।साथै समग्र बजेट विनियोजन हेर्दा समेत ५५ करोड ७६ लाख ४५ हजार बजेट विनियोजन गरेकोमा ४३ करोड ६० लाख १२ हजार खर्च गरी ७८ प्रतिशत खर्च गरेको देखिन्छ । पालिकाले बजेट खर्च प्रतिशतलाइ बढाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.५</td><td></td><td></td><td>खर्च बिश्लेषण — पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ६२९०७४९।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ४७८५८०४७२ समेत रु ४८४८७१२२१ आम्दानी भएकोमा चालु तर्फ रु २८०८१२९९२ र पूँजिगत तर्फ रु १५५१९९१३२ समेत रु ४३६०१२१२४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।४४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ७९२६४८१ खर्च भएको छ जुन आन्तरिक आयको १२६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८५।३८ प्रतिशत चालु र ६७।५१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.६</td><td></td><td></td><td>योजना र कार्यान्वयन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>क्र स</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>183</td><td>12645745</td></tr>
<tr><td>२</td><td>रु एक लाख देखि पाँच लाखसम्मका योजना</td><td>181</td><td>44675622</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>24</td><td>17374543</td></tr>
<tr><td>४</td><td>दश लाख देखि ५० लाख सम्मका योजना</td><td>11</td><td>28515168</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>०</td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>399</td><td>103211078</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८.७</td><td></td><td></td><td>खाना तथा विविध खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १५ लाख १९ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.८</td><td></td><td></td><td>उपभोक्ता समिमितवाट खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितवाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने स्वीकृत गर्ने प्राविधिक सल्लाह दिने नापजाच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा पालिकाले ३९९ उपभोक्ता समितिवाट रु १० करोड ३२ लाख २१ हजार वरावरको खरिद कार्य</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
जटिलसंरचना निर्माण — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।साथै नियमावलीको नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपश्चात सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य तथा उपभोक्ता समितिलाइ हस्तान्तरण नहुने सरकारी भवन निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराइ नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गो भौ नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३६०।२०७९।२।१२</td><td>फेक वडा भवन निर्माण उ स</td><td>वडा नं ८ को वडा भवन निर्माण</td><td>१२८५१२</td></tr>
<tr><td>३६७।२०७९।२।१६</td><td>६ नं वडा कार्यालय भवन निर्माण उ स</td><td>६ नं वडा कार्यालय निर्माण</td><td>३४८५७६</td></tr>
<tr><td>५४६।२०७९।३।२४</td><td>ताल्तुङ मा वि भवन निर्माण उ स</td><td>ताल्तुङ मा वि निर्माण</td><td>९३४८६४</td></tr>
<tr><td>६०३।२०७९।३।१६</td><td>कालिका मा वि भवन निर्माण उ स</td><td>कालिका मावि भवन निर्माण</td><td>३०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१७११९५२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **ट्याक कोटको भुक्तानीः** स्टान्डर्ड स्पेशिफिकेशन अफ रोड एण्ड ब्रिज २०७३ ले कालोपत्रे वाटोमा ट्याककोटको स्प्रे दर प्रति वर्ग मिटरमा ०।४ देखि ०।६ लिटर सम्म दिन सकिने व्यवस्था गरेकोमा पालकाले के एन विल्ड्रसलाइ ३५३८।०४ वर्ग मिटरमा ०।८ प्रति लिटरको दरले २८३०।४३ लिटर भुक्तानी गरेको देखियो । स्पेशिफिकेशन अनुसार जम्मा ०।६ प्रति वर्ग मिटरले २१२२।८२ लिटरको भुक्तानी गर्नुपर्नेमा बढि भुक्तानी गरेको ७०७।६ लिटरको रु ९० का दरले ६३६८४ तथा मुअकर समेत रु ७१९६२ थप व्ययभार पारेको रु | ७१,९६२ |
| २६ | | | **ठेक्का नं २०७८।७९।३ः** Upgrading of harthok batase road को कार्य गर्नका लागि रिदम कन्स्ट्रक्सनसंग मिति २०७८।११।२२ मा रु ५२७५५११ मा खरिद सम्झौता गरी मिति २०७९।३।१५ मा कार्यादेश दिएको देखिन्छ। मिति २०७९।५।३० सम्म म्याद थप गरेको देखिन्छ। हालसम्म प्रथम रनिङ विल मार्फत ५६७८६८ भुक्तानी भएको देखिन्छ। यसमा देखिएका व्यहोराहरु निम्न छन्।<br><br>**प्रगति** : खरिद सम्झौता अनुसार निर्माण व्यवसायीले थपिएको म्याद २०७९।५।३० भित्र निर्माण कार्य सम्पन्न गरिसक्नुपर्नेमा हालसम्म समेत वाँकी कार्य गर्न सकेको छैन । नाली र स्ट्रक्चरको निर्माण गरेता पनि वाँकि कालोपत्रेको कुनै काम नगरेको र निर्माण व्यवसायीले परिवर्तित कार्यतालिका समेत पेश नगरेको हालको प्रगति १०।७६ प्रतिशत मात्र भएकोले पालिकाले थपिएको म्याद भित्र नै निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २७ | | | **प्रदेश समपुरक अनुदानः**<br><br>**प्रदेश समपूरकः** प्रदेश सरकारवाट प्राप्त समपूरक अनुदानवाट भैरवस्थान भारकोट डुम्रे सडक स्तरउन्नति गर्नका लागि रु ४२४५६०७ मा रिदम कन्स्ट्रक्सनसंग मिति २०७९।१।६ मा २०७९।३।१५ सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा निर्माण व्यवसायीले कुनै काम नगरेको र भुक्तानी समेत नभएको तथा प्रदेश समपूरक अनुदान खर्च हुन नसकि फिर्ता पठाइसकेको देखिन्छ । पालिकाले यस ठेक्काको म्याद थप गरेको देखिएन । प्रदेश सरकारलाइ समपूरक अनुदानको स्रोत सुनिश्चितता गर्नका लागि पत्राचार गरेको देखिएता पनि हालसम्म कुनै स्रोत सुनिश्चितता भएको देखिदैन । पालिकाले एक आर्थिक वर्षमा नै सम्पन्न गर्नुपर्ने सडक निर्माण गराउन नसक्दा हाल स्रोत अभावमा निर्माण कार्य सम्पन्न हुन नसकि अधुरो रहेको देखियो । पालिकाले स्रोत सुनिश्चित गरी निर्माण कार्य समयमानै सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **ठेक्का नं २०७७।७८।०६:** कान्ति पोखरा देउराली खया रोड निर्माण गर्नका लागि के एन बिल्डर्ससंग पालिकाले मिति २०७७।१२।१८ मा रु ११११९५३२३ मा मिति २०७८।३।१५ सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेको देखिन्छ । प्रथम पटक कार्यपालिकावाट २०७८।९।१५ तथा दोस्रो पटक म्याद २०७९।३।२५ सम्म थप गरेको देखिन्छ । पालिकाले तेस्रो रनिङ विलसम्मवाट रु ७८४६९३० भुक्तानी गरेको उक्त ठेक्काको हाल म्याद थप भएको देखिदैन । कार्यसम्पादन बीमा तथा ठेक्काको म्याद थप गरी निर्माण व्यवसायालाइ पालिकाले तोकिएको कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २९ | | | **स्रोत सुनिश्चितताः** प्रदेश सरकार समपूरक अनुदान सोहि आर्थिक वर्षमा खर्च हुन नसकेमा प्रदेश सरकार सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकले ठेक्का वन्दोवस्त गरेतापनि निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण समपूरक अनुदान प्रदेश सरकार फिर्ता गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा समेत प्रदेश सरकारले रु ८७ लाख ८४ हजार बजेटको स्रोत सुनिश्चितता गरेकोमा निर्माण व्यवसायीले काम नगरेका कारण ठेक्का सम्पन्न भएको देखिदैन । साथै पालिकाले यस वर्ष समेत स्रोत सुनिश्चितताको लागि प्रदेश सरकारसंग अनुरोध गरेकोमा स्रोत सुनिश्चितता भएको जानकारी प्राप्त नभएको तथा निर्माण कार्य हुन नसकेको तथा प्रदेश सरकारले समेत स्रोत सुनिश्चितता नभएकोले निर्माण कार्य अधुरै रहन गएको देखिएकोले पालिकाले खरिद सम्झौता गरेको आर्थिक वर्षमा नै निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३० | | | **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेः**<br><br>**पाइप फिटिङ्ग खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ वमोजिम अन्तिम भुक्तानी गर्दा कार्य सम्पन्न गरेको कामको सार्वजनिक निकायले स्वीकार गर्नुपर्ने व्यवस्था गरेको छ । साथै मालसामान खरिद गरेपश्चात उक्त मालसामान जुन प्रयोजनका लागि खरिद गरिएको हो सोहि प्रयोजनमा प्रयोग गरे नगरेको नापी किताब कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन समेत पेश गर्नुपर्नेमा पालिकाले पाइप फिटीङका सामानहरु बोलपत्र मार्फत खरिद गरी उपभोक्ता समितिललाइ हस्तान्तरण गरेकोमा सो सामान के कुन अवस्थामा छन भन्ने खुल्न आएन । पाइप फिटीङ सामानहरुहरुको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | ३,४३२,१५२ |

| गो भौ नं र मिति | विवरण | खरिदको प्रकृया | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५४।२०७९।२।९</td><td>हार्डवेयर नेपाल प्रा लिवाट पाइप फिटीङ खरिद</td><td>वोलपत्र</td><td>२७७०७५०</td><td>कार्यसम्पन्न जडान तथा अनुगमन प्रतिवेदन नभएको</td></tr>
<tr><td>५७८।२०७९।३।२४</td><td>विशाल ग्रिल उद्योग GI पाइप खरिद</td><td>सोझै</td><td>६६१४०२</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३४३२१५२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>इन्टरनेट जडानः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा ५ लाख सम्मको मालसामान खरिद सोझै खरिद गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले प्रत्येक घरपरिवारमा इन्टरनेट जडान कार्य गर्नकालागि न्यू भैरव इन्टरनेट जोनसंग सोझै खरिद मार्फत कुनै प्रतिस्पर्धा नै नगराइ रु ११३८५००।०० को इन्टरनेट जडान कार्य ९९ घर परिवारमा जडान गरी ५० प्रतिशत रकम रु ६५९१०० पालिकाले खर्च लेखेको देखियो । यसरी ५ लाख भन्दा बढिको खरिद कार्य प्रतिस्पर्धा गराइ बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको देखिएकोले पालिकाले खरिद गर्दा खरिद ऐन तथा नियमावलीको पालना गर्ने गरी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को १२ औं शंसोधनमा समेत १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था गरेको भएतापनि पालिकाले यो वर्ष फर्निचर खरिदमा विभिन्न पार्टिहरुवाट रु १२ लाख २९ हजार बराबरको सामान खरिद प्रतिस्पर्धा नगराइ सोझै खरिद गरेको नियमसम्मत मान्न सकिदैन । यस्ता कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्रयोजन</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>९८/२०७८/१०/१८</td><td>न्यू भैरव फर्निचर</td><td>फर्निचर खरिद</td><td>२४४०००</td><td>सोझै खरिद</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१८१/२०७८/११/३०</td><td>शुभारम्भ फर्निचर उद्योग</td><td>फर्निचर खरिद</td><td>९५८२४</td><td rowspan="3"></td></tr>
<tr><td>२५१/२०७८/१२/०३</td><td>त्रिशक्ति फर्निचर उद्योग</td><td>फर्निचर उद्योग</td><td>४९६९७१</td></tr>
<tr><td>५९९/२०७९/३/५</td><td>लुम्विनि डेकोरेशन</td><td>कार्यकक्ष डेकोरेसन</td><td>३९२३७९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२२९२५४</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>समानीकरणवाट शिक्षकको तलबः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाईयो ।गो भौ नं ६७ बाट मापदण्डमा आधारित अनुदान शीर्षकमा अनुदान उपलब्ध गराउदा मिति २०७७।१२।५ को शिक्षा समितिको निर्णय अनुसार २०७८ साउन देखि लागु हुनेगरी भास्कर मा वि र कालिका आ वि मा प्रा वि को दरबन्दी कटौती भएको निर्णय गरेको तर प्रति विद्यालय ३२००० का दरले प्रथम त्रैमासिकमा विद्यालयको खातामा जम्मा रकम रु ६४००० पठाएको पाइयो।दरबन्दी कटौती गरिसकेको विद्यालयको खातामा पठाएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्दछ।रु</td><td>६४,०००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सुरक्षीत नागरिक आवासः सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ मा कार्यक्रमको लागि छनौट भएका लाभग्राहीलाई सम्बन्धित स्थानीय तहसँग सुरक्षित आवास निर्माण सम्झौता भएपछि पहिलो किस्तावापत ६० प्रतिशत रकम र स्थानीय तहको प्राविधिकबाट निर्माण कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिशको आधारमा दोश्रो तथा अन्तिम किस्ताको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र अनुदान रकम अन्य प्रयोजनमा खर्च गरे वा सम्झौता बमोजिमको कार्य किस्ता उपलब्ध गराएको तीन महिनाभित्र सम्पन्न नगरेमा त्यस्तो अनुदान रकम असुल उपर गर्ने उल्लेख छ ।यस वर्ष कार्यक्रमकोलागि रु ४०,००,००० वजेट प्राप्त भएकोमा रु २२ लाख ९७ हजार खर्च गरेको छ । सुरक्षित नागरिक आवास कार्यक्रमको लागि छनौट भएका १२४ लाभग्राही भध्ये १२४ लाभग्राहीसँग निर्माण सम्झौता गरी ११०</td><td>१,१७०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लाभग्राहीलाई प्रथम किस्ता र ७१ लाभग्राहीले निर्माण सम्पन्न गरेकोले दोस्रो तथा अन्तिम किस्ता भुक्तानी भएको देखियो ।३९ लाभग्राहीले कार्य सम्पन्न नगरेकोले सम्झौता अनुसार कार्य सम्पन्न गराई प्रमाण पेश गर्नु पर्दछ रु....</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>परामर्श खर्चः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ५ लाख ९६ हजार खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>विषय</th><th>परामर्शदाताको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२६१/२०७८/१२/१५</td><td>खेल मैदानको वृस्तित परियोजना प्रतिवेदन</td><td>NRA Enginer consultancy</td><td>४१५०००</td></tr>
<tr><td>११/२०७८/६/१२</td><td>ढुङ्गा गिट्टी बालुवा अध्ययन</td><td>कम्प्लेक्स स्टडी एण्ड रिसर्च सेन्टर</td><td>१८१३६५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५९६३६५</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्तिवाट गराउने तर्फ ध्यान दिनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>स्वास्थ्य तर्फः पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद प्रक्रिया अवलम्बन गरी देहायबमोजिम रु.१७९०७८७/- को औषधी एवं सर्जिकल उपकरणहरु खरिद गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>फर्मको नाम</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>अबिक मेडिसिन सप्लायर्स</td><td>३७९१३०</td><td>सिलबन्दी दरभाउपत्र</td></tr>
<tr><td>२</td><td>अबिक मेडिसिन सप्लायर्स</td><td>१४११६५७</td><td>सोझै खरिद</td></tr>
</table>
<ul>
<li>पालिकाले विभिन्न स्वास्थ्य चौकीका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी औषधी आपूर्तीका लागि सिलबन्दी दरभाउपत्र माग गरेकोमा रानीमहल मेडिको सप्लायर्स प्रा.लि.ले लागत अनुमान रु.१२०२६२५/- भन्दा ३१.५२% घटी कबोल गर्दा रु.८२३४९५/- बजेट बचत हुन गएकोले सो बचत र थप बजेटबाट पुनः रु.१४११६५७/- को औषधी एवं औषधीजन्य सामग्री खरिद गरेको देखिन्छ । यसरी पालिकाले पुनः औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यकता पुष्ट्याईं नगरी आपूर्तीकर्ताले बढी मूल्यमा आपूर्ती गर्न कबोल गरेका अधिकांश औषधीहरू शुरुमा खरिद गरे भन्दा बढी परिमाणमा खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याईं सहित आवश्यकता निर्धारण नगरी बजेट बचत हुँदैमा पुनः औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</li>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो परीक्षण प्रतिवेदन तथा BOQ मा खुलेको छैन जसका कारण आपूर्ती भएका औषधी डव्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था नरहेको ।</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>तसर्थ औषधिको खरिदको लागि भण्डारमा रहेको मौज्दात एवं मागमा आधारित योजना तर्जुमा गरी उचित मात्रामा औषधी खरिद गर्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</li>
</ul>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>फरक शिर्षक खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ अनुसार एक शिर्षकमा विनियोजन भएको रकम सोही शिर्षक र कार्यक्रममा खर्च गर्नुपर्दछ। तर कार्यालयले विभिन्न गो.भौ.बाट विनियोजित बजेट शिर्षकभन्दा फरक प्रकृतिको काममा समेत खर्च स्वीकृत गरेको देखिएको छ । पालिकाले करार तथा ज्यालादारीमा राखिएका कर्मचारीहरुलाई खर्च शीर्षक २११११ कर्मचारी पारिश्रमिकबाट खर्च लेखेको छ।करार कर्मचारीलाई करार सेवाबाट खर्च लेख्नुपर्दछ। अन्य उदाहरणका लागि केही भौचरहरु परीक्षण गरी देहाय वमोजिम रहेका छन् । पालिकाले खर्च लेख्दा बजेट विनियोजन भए अनुसार गर्नु पर्दछ ।<br><br>
<table>
<tr><th>गो भौ नं</th><th>बाट</th><th>मा</th><th>रकम</th></tr>
<tr><td>२४५</td><td>ग बर्गको अपांगता भत्ता</td><td>ल्यापटप खरिद</td><td>२१८९९४</td></tr>
<tr><td>२६५</td><td>न्यायिक समिति कार्यक्रम</td><td>बैठक भत्ता</td><td>२००००</td></tr>
<tr><td>४७३</td><td>सेवा र परामर्श</td><td>सामाग्री खरिद</td><td>४९९१३</td></tr>
<tr><td>४७४</td><td>कार्यक्रम खर्च</td><td>सामाग्री खरिद</td><td>२७९००</td></tr>
<tr><td>५०६</td><td>सेवा र परामर्श</td><td>सामाग्री खरिद</td><td>३३०००</td></tr>
<tr><td>५१४</td><td>सेवा र परामर्श</td><td>सामाग्री खरिद</td><td>६०२०६</td></tr>
<tr><td>५९०</td><td>सेवा र परामर्श</td><td>कार्यालय सामाग्री खरिद</td><td>१०९७५५</td></tr>
<tr><td>६००</td><td>सेवा र परामर्श</td><td>सामाग्री खरिद</td><td>३७९००</td></tr>
<tr><td>७१३</td><td>सेवा र परामर्श</td><td>दैनिक भ्रमण भत्ता</td><td>३४६००</td></tr>
<tr><td>७२०</td><td>सेवा र परामर्श</td><td>कार्यालय सामाग्री खरिद</td><td>१३१९३७</td></tr>
<tr><td>७२८</td><td>सेवा र परामर्श</td><td>घरभाडा</td><td>१३५०००</td></tr>
<tr><td>७३५</td><td>सेवा र परामर्श</td><td>दैनिक भ्रमण भत्ता</td><td>२८०२१</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७६१</td><td>गर्भवती पोषण कार्यक्रम</td><td>प्रिन्टिङ्ग कार्य</td><td>९४९२०</td></tr>
<tr><td>७६२</td><td>सेवा र परामर्श</td><td>खरिद इकाई भत्ता</td><td>३६०००</td></tr>
<tr><td>७७०</td><td>सेवा र परामर्श</td><td>कार्यालय सामाग्री खरिद</td><td>९३७३३</td></tr>
<tr><td>७८३</td><td>सेवा र परामर्श</td><td>सामाग्री खरिद</td><td>४५६००</td></tr>
<tr><td>७८५</td><td>सेवा र परामर्श</td><td>विद्यालय सामाग्री खरिद</td><td>९७६४०</td></tr>
<tr><td>७८६</td><td>सेवा र परामर्श</td><td>कार्यालय सामाग्री खरिद</td><td>१९६५०</td></tr>
<tr><td>७९९</td><td>सेवा र परामर्श</td><td>सामाग्री खरिद</td><td>४७९००</td></tr>
<tr><td>८००</td><td>सेवा र परामर्श</td><td>दैनिक भ्रमण भत्ता</td><td>९८१०२</td></tr>
<tr><td>८०८</td><td>सेवा र परामर्श</td><td>सामाग्री खरिद</td><td>१८८२८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४३९५९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्नेः<br><br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले गो भौ नं ७३० बाट सरस्वती बहुमुखी क्याम्पसलाई रु १ लाख भूक्तानि गरेको पाईयो। उक्त रकम खर्च भएको खुल्ने प्रमाण पेश नभएकाले अनुदान उपयोग गरेको प्रमाण पेश हुनुपर्दछ</td><td>१००,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>निशुल्क पाठ्यपुस्तकः कार्यक्रम कार्यान्वय पुस्तिका २०७७।७८ को क्रियाकलाप नं. २.४.६.१ को ३.१ मा IEMIS अनुसार प्रविष्टि तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याको आधारमा तेस्रो चौमासिक भित्र विद्यालयहरुलाई निकासा दिने, यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत मात्र निकासा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरणको भर्पाइको</td><td>१३३,५४८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आधारमा मात्र नपुग रकम थप २५ प्रतिशतबाट निकासा दिन सकिने व्यवस्था छ । पालिकाले कक्षा ११ र १२ को शैक्षिक सत्र ढिला गरी शुरु हुने भएकाले विद्यालयको माग बमोजिम पाठ्यपुस्तक खरिदका लागि रकम उपलब्ध गराई निम्न विद्यालयबाट पाठ्यपुस्तक खरिदको बिल पेश हुन आएको छ । कक्षा ११ र १२ को पाठ्यपुस्तक खरिदका लागि माग भए अनुरुपका विद्यार्थी भर्ना भए नभएको सम्बन्धमा पालिकाले यकिन गरी वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने रु.
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">विद्यालयको नाम</th><th colspan="2">खरिद भएको पुस्तक संख्या</th><th>निकासा रकम</th></tr>
<tr><th>कक्षा ११</th><th>कक्षा १२</th><th></th></tr>
<tr><td>१</td><td>भैरव जनता मा.वि.-४</td><td>४०</td><td>४०</td><td>२३८७०</td></tr>
<tr><td>२</td><td>सरस्वती मा.वि.-३</td><td>१०</td><td>३१</td><td>१२७४७</td></tr>
<tr><td>३</td><td>नारायण मा.वि.-६</td><td>२७</td><td>३२</td><td>१७६७१</td></tr>
<tr><td>४</td><td>आदर्श मा.वि. देउराली</td><td>२६</td><td>३६</td><td>१८६९६</td></tr>
<tr><td>५</td><td>भवानी मा.वि.-५</td><td>२७</td><td>२६</td><td>१५७२७</td></tr>
<tr><td>६</td><td>शारदा मा.वि.-१</td><td>२४</td><td>१७</td><td>१२०००</td></tr>
<tr><td>७</td><td>कालिका मा.वि.-१</td><td>३८</td><td>४५</td><td>२४८५८</td></tr>
<tr><td>८</td><td>लक्ष्मी मा.वि.-१</td><td>३१</td><td>०</td><td>८३८९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१३३५४८</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>बर्षान्तमा भुक्तानीः</td><td>३,६००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकालाई सशर्त अनुदानको रुपमा प्राप्त भएको रकम आर्थिक वर्षको अन्त सम्मपनि खर्च नभई बाँकी रहेमा सम्बन्धित निकायमा फिर्ता पठाउनुपर्दछ ।पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पुँजीगत) बाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्राप्त अनुदानमध्ये लक्ष्मी माध्यमिक विद्यालयमा ४ कोठे भवन निर्माण गर्न पेश्की रुं. ८,००,००० र गोश्वारा भौचर नं. २५।२०७९।३।२४ बाट निकासा दिएको रु. २८,००,००० समेत रु. ३६,००,००० निकासा दिएको देखियो । सोमध्ये विद्यालय भवन निर्माण कार्यको पहिलो बिल पेश भएको आधारमा फछ्र्यौट गरी रु. २८,००,००० शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्रको आधारमा विद्यालयको खातामा रकम जम्मा गरी खाता रोक्का गरेको देखियो ।समयमा निर्माण सम्पन्न नगरी वर्षान्तमा फिर्ता गर्नु पर्ने रकम निकासा दिई रोक्का राखु उपयुक्त देखिँदैन । यस्तो कार्य नियन्त्रण गरी विद्यालयलाई निकासा दिएको रकमबाट भवन निर्माण सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ रु... | |
| ४१ | | | **गैह्रसरकारी संस्था मार्फत कार्य** : पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न यसपालिकाले मिति२०८० आषाढ १६ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७७ फाल्गुण २८ मा रु ४ करोडको सम्झौता गरी यो बर्ष रु २ करोड ४४ लाखसमेत हालसम्म रु ३ करोड २४ लाख भुक्तानी गरेको छ ।सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | |
| ४१.१ | | | • **कानुनी व्यवस्थाः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 99 (8) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम 70 बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम 70 मा 20 लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन 2063 को दफा 30 बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया 3 देखि 6 आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा 31 मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग 30 दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको 20 प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकाले एक परामर्शदातालाई छनौट गरी सोझै भुक्तानी गरेको नियमसम्मत मान्न सकिदैन ।<br>• **लेखापरीक्षण** : सम्झौता अनुसार कुल कार्यसम्पन्नको २५ प्रतिशत सम्बन्धित परामर्शदाताले र ७५ प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा सतप्रतिशत श्रेस्ता नै पालिकामा पेश गर्नुपर्नेमा ७५ प्रतिशतको मात्र श्रेस्ता पेश गरेको र परामर्शदाताले खर्च | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको २५ प्रतिशतले हुने रु ४४ लाख ७० हजारको श्रेस्ता पेश नभएको अवस्थामा पनि भुक्तानी दिएको परामर्शदाताले खर्च गरेको २५ प्रतिशतको समेत लेखापरीक्षण नगराएकोले सोको लेखापरीक्षण गर्नुपर्दछ ।<br>• पालिका र हेफर नेपाल बीच भएको सम्झौताको बुदा नं ७।२।९ अनुसार दोस्रो पक्षले सम्झौताको सतप्रतिशत कार्य मात्र स्थानीय साझेदार संस्था मार्फत गराउन सक्ने व्यवस्था रहेकोमा हेफर नेपाल संस्थावाट स्थानीय साझेदार संस्था ग्रामिण आर्थिक विकास संघ(रेडा)मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।<br>• **दोहोरो पर्ने गरी कार्यक्रमः** पालिकाको कृषि तथा पशु शाखावाट समेत कृषि उपकरण तथा बीउ विजन र किसानलाइ अनुदान वापत यस वर्षमात्र रु ३२ लाख ३५ हजार वरावरको अनुदान वितरण गरेकोमा हेफर नेपालले समेत प्रत्येक वडामा समुह निर्माण गरी अनुदान वितरण गर्ने गरेको देखियो । पालिकाले वितरण गर्ने अनुदान समेत प्रत्येक वडामा रहेको तथा हेफर नेपालले समेत यस वर्ष मात्र पशु खरिद तथा अनुदान वितरणमा रु ९० लाख २२ हजार कृषि उपकरण खरिदमा ५३ लाख ४८ हजार वागवानी खरिद तथा वितरणमा ७० लाख ४६ हजार समेत कुल जम्मा रु २ करोड १४ लाख १६ हजारको वितरण गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया पुरा नगरी सोझै खरिद गरी किसानलाइअनुदान वितरण गर्ने गरेको र एकै प्रकृतिका कार्य पालिका तथा हेफर नेपालवाट वितरण भइरहेकोमा दोहोरो अनुदान वितरण हुन सक्ने देखिन्छ । पालिकाले दोहोरो अनुदान वितरण भए नभएको सम्वन्धमा एकिन गर्नुपर्दछ ।<br>• हेफर नेपालले खरिद सम्झौता कार्यान्वयन गर्दा भविश्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागि कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको वीमा गराउनु पर्नेमा दोस्रो पक्षवाट यस्तो वीमा गराएको पाईएन । | |
| ४१.२ | | | **अनुपात भन्दा बढि भुक्तानीः** सम्झौताको बुदा न ७।१ अनुसार पालिकाको योगदान ७५ प्रतिशत र संस्थाको योगदान २५ प्रतिशत हुने उल्लेख भएकोमा यस बर्षको कुल खर्च रु २ करोड ८८ लाख ९ हजार ५ सयमध्ये संस्थाको योगदान रु ४४ लाख ७० हजार २ सय (१५।५१ प्रतिशत) र पालिकाको रु २ करोड ४४ लाख २० हजार २ सय(८४।७६ प्रतिशत) रहेको छ । सम्झौता विपरित अनुपातिक कट्टी नगरी बढी भुक्तानी भएको रु २८१३०७५ असुल गर्नुपर्ने रु | २,८१३,०७५ |
| ४१.३ | | | **बिल बिजक :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च लेख्दा खर्चलाइ पुष्टि गर्ने बिल भर्पाइ पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले सम्झौता गरेको हेफर नेपालले बिल विजक नै जारी नगरी भुक्तानी लिएको देखियो । यसरी स्थानीय | ३,६६०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | साझेदारवाट काम गराउने तथा विभिन्न फर्म पार्टिका बिल राखेर पालिकाको ७५ प्रतिशत भुक्तानी लिने गरेको देखियो । यसरी पालिकावाट यस वर्ष भुक्तानी भएको रु २ करोड ४४ लाखको बिल विजक जारी नै नगरी हेफर नेपाललाइ भुक्तानी गरेको देखियो । बिल बिजक जारी नै नगरी गैरसरकारी संस्थावाट खरिद गरेको अवस्थामा आयकर ऐन २०५८ को दफा ८८ मा सेवा सुल्कको भुक्तानीमा १५ प्रतिशत कर लाग्ने व्यवस्था गरेकोमा गैर सरकारी संस्थावाट भएको खरिद कार्यमा उक्त दफा वमोजिम १५ प्रतिशतले हुने रु ३६६०००० असुल गर्नुपर्ने रु | |
| ४२ | | | **पदाधिकारी भत्ताः** लुम्बिनी प्रदेश सरकारले तयार गरेको पदाधिकारी सुविधा सम्बन्धि ऐन २०७६ मा व्यवस्था भए बमोजिमको पदाधिकारीले आफ्नो कार्य समयावधि भित्रको मात्र सुविधा लिनु पर्दछ।पालिकाका २० जना पदाधिकारीहरुले बैशाख ९ गते देखि लागु हुनेगरी राजिनामा दिएकोमा १९ जना पदाधिकारीको ८ दिनको मात्र सुविधा प्रदान गरेको श्री शिव कुमारि बगालेको पुरै महिनाकौं सुविधा भूक्तानि भएको पाईयो।यसरी बढी भूक्तानि भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।रु | ९,५११ |
| ४३ | | | **भर्पाइ वेगरको खर्चः** | |
| ४३.१ | | | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअलको परिच्छेद ४ को ४.१.१० बमोजिम साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमका लागि स्वीकृत लाभग्राहीसँग द्विपक्षीय सहमतिका आधारमा संक्षिप्त कार्ययोजना सहित अनुसूची १२ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने व्यवस्था छ । गत वर्ष साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम (निरन्तरता) अन्तर्गत तरकारी पकेट तर्फ पालिका र आत्मनिर्भर कृषि सहकारी संस्था लि. बीच मिति २०७८।१२।०७ मा सम्झौता भएको थियो । सम्झौता अनुसार तोकिएको कार्य सम्पन्न गरे पश्चात पेश भएका बिल भरपाईका आधारमा सम्पूर्ण खर्चको ५० प्रतिशत अनुदान रकम प्रदान गर्नुपर्नेमा देहाय बमोजिमका कार्यहरूको बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन बेगर पालिकाले अनुदान रकम प्रदान गरेकोले खर्च सम्बन्धी प्रमाण पेश गर्नुपर्ने रू<br><table><tr><td>सि.नं.</td><td>क्रियाकलाप</td><td>रकम रू.</td></tr><tr><td>१</td><td>डकुमेन्टरी निर्माण (भिडियो प्रोफाइल)</td><td>१०,०००।-</td></tr><tr><td>२</td><td>संकलन केन्द्र निर्माण</td><td>९०,०००।-</td></tr></table> | १६०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>बाँस खरिद</td><td>६०,०००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१,६०,०००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>बिल भरपाई बिना भुक्तानी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले संघीय सशर्त अन्तर्गतका निम्न कारोबारमा बिल बेगर खर्च जनाएको पाइयो। खर्चको बिल बेगरको भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>कर्मचारीको नाम</th><th>जम्मा भुक्तानी</th><th>बिल अपुग (करबाहेक) रु.</th></tr>
<tr><td>१</td><td>३०-२०७८।०७।०९</td><td>बृहत पोषण कार्यक्रम तालिम संचालन</td><td>सुनिल अधिकारी</td><td>६१८९९६</td><td>११९९९</td></tr>
<tr><td>२</td><td>२७३-२०७८।०३।२३</td><td>ए एन सि र पि एन सि तालिम संचालन</td><td>सुनिल अधिकारी</td><td>६५५०८</td><td>३०१०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१५००९</td></tr>
</table>
मिति २०७९-१२-१३ को निर्णयानुसार 15009.00 को सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको</td><td>०</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>न्यायिक समिति बैठक भत्ताः नेपालको संविधान, २०७२ को धारा २१७ मा प्रत्येक स्थानीय तहमा उपाध्यक्ष\उप प्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने व्यवस्था रहेको छ। लुम्बिनि प्रदेश सरकारको पदाधिकारी सेवा सुविधि सम्बन्धि ऐनले न्यायिक समिति संयोजक र सदस्यलाई प्रति बैठक रु.१००० दिनुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न गो.भौ. बाट न्यायिक समिति सदस्य लगायत अन्य पदाधिकारी तथा कर्मचारीलाई बैठकको प्रति बैठक रु १००० का दरले नारायण बहादुर जिसीलाइ २२ वैठकको कर कट्टि वाहेक रु १८७०० पवन</td><td>६२,०५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अर्याललाइ ११ बैठकको रु ९३५० प्रेमचन्द्र अर्याललाइ १२ बैठकको रु १०२०० मन्जु पन्थीलाइ १५ बैठकको रु १२७५० र बिष्णु प्रसाद ढकाललाइ १३ बैठकको रु ११०५० समेत जम्मा रु ६२०५० बैठक भत्ता भूक्तानि गरेको छ। यसरी न्यायिक समितिभन्दा फरक व्यक्तिहरुलाई बैठक भत्ता भुक्तानी दिने आधार पेश गर्नुपर्ने रु | |
| ४५ | | | **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले दीर्घरोग लागेकालाई आर्थिक सहयोग गर्ने उद्देश्यले प्रतिव्यक्ति रु ६००० सहयोग गर्नेगरी कार्यविधि तयार गरी यस वर्ष रु.१३ लाख ४४ हजार आर्थिक सहायता वितरण गरेको छ । यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४६ | | | **कर्मचारीलाइ सोधभर्नाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चीस हजार रुपयाँ भन्दा वढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा देहाय अनुसारका कारोवारहरुको परीक्षण गर्दा सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा एकाउण्टपेयी चेक मार्फत भुक्तानी दिनुपर्नेमा वडाका सचिव लगाएतका कर्मचारीहरुले सामान खरिद तथा अनुगमन गर्न जादाको गाडीभाडा वडा सचिवलेनै भुक्तानी लिएको पाईयो । साथै भुक्तानी लिने पदाधिकारी तथा कर्मचारीहरुले आपुर्तकलाई रकम बुझाएको भरपाईहरु समेत संलग्न राखेको पाईएन । जसबाट एकातर्फ खरीद कार्यमा प्रतिपर्धा समिति हुन पुगेको छ भने अर्को तर्फ पदाधिकारी तथा कर्मचारीहरुले नै भुक्तानी लिनुपर्ने स्पष्ट कारण देखीदैन । अनुगमन गरी नियन्त्रण गर्नुपर्ने व्यक्तीले नै भुक्तानी लिने तथा सामानहरु पलिकाको मूल जिन्सिमा समेत दाखिला नभई सम्बन्धीत वडामा मात्र दाखिला हुने गरेको देखियो। तसर्थ एकाउण्टपेयी चेक मार्फत सम्बन्धीत आपुर्तक वा सेवा प्रदायकको नाममा नै भुक्तानी गर्नुपर्दछ।<br><br>गो.भौ. \| भुक्तानी लिने \| विवरण \| रकम रु<br>३२८ \| उमन प्रताप राणा \| विभिन्न सामाग्री खरिदको बिल \| १५११९९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७०८</td><td>विष्णु बहादुर थापा</td><td>विभिन्न सामाग्री खरिदको बिल</td><td>१००७८८</td></tr>
<tr><td>७२३</td><td>काशिनाथ आचार्य</td><td>विभिन्न सामाग्री खरिदको बिल</td><td>३०१००</td></tr>
<tr><td>७४१</td><td>गणेश प्रसाद आचार्य</td><td>विभिन्न सामाग्री खरिदको बिल</td><td>१०००००</td></tr>
<tr><td>७८१</td><td>सुमन रेग्मी</td><td>विभिन्न सामाग्री खरिदको बिल</td><td>११९४३५</td></tr>
<tr><td>७९१</td><td>तिल बहादुर थापा</td><td>विभिन्न सामाग्री खरिदको बिल</td><td>२६०५४१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७६२०६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
विद्युत जरिवाना: विद्युत जरीवाना तिरेको: सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमानै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ। तर पालिकाले समयमै विद्युत महसुल नतिरी जरीवाना स्वरुप थप दस्तुर वापत निम्न गो.भौ. बाट भुक्तानी गरेको छ । समयमै महशुल भुक्तानी गर्नु पर्दछ ।
<table>
<tr><td>गो भौ</td><td>बिल रकम</td><td>जरिवाना तिरेको</td><td>बापत</td></tr>
<tr><td>६९</td><td>४०९११</td><td>४०९०</td><td>गाउपालिका विद्युतको बिल</td></tr>
<tr><td>१३१</td><td>११९२५</td><td>२३५५</td><td>वडा नं ५ वडा कार्यालयको विद्युतको बिल</td></tr>
<tr><td>३९४</td><td>७३६१६</td><td>४१२८</td><td>गाउपालिका विद्युतको बिल</td></tr>
<tr><td>७५६</td><td>५००००</td><td>२७१९</td><td>गाउपालिका विद्युतको बिल</td></tr>
<tr><td>७९१</td><td>७४६१</td><td>१३७२</td><td>वडा नं ८ वडा कार्यालयको विद्युतको बिल</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४ लाख २१ हजार ४ सय खर्च गरेको छ पालिकाले यस्ता प्रकारका खर्च नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |